# सामूहिक लगानी कोष नीति, २०८३ (मस्यौदा)

## नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर।

असोज २९, २०८३

## विषय सूची


| विवरण | पेज |
|---|---|
| कार्यकारी सारांश | १ |
| १. पृष्ठभूमि | २ |
| २. नीतिको आवश्यकता | २ |
| ३. नीतिको दीर्घकालीन दृष्टिकोण | ३ |
| ४. नीतिको मूल उद्देश्य | ३ |
| ५. नीतिको मूल सिद्धान्त | ३ |
| ६. नीतिगत सुधारका क्षेत्र तथा नीति | ४ |

# सामूहिक लगानी कोष नीति, २०८३

*(सामूहिक लगानी कोषको स्थापना, सञ्चालन, नियमन तथा सुपरिवेक्षण सम्बन्धी एकीकृत नीति)*

## कार्यकारी सारांश

सामूहिक लगानी कोषलाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धी तथा लगानीकर्तामैत्री बनाउँदै दीर्घकालीन पूँजी परिचालन गर्ने उद्देश्यले बोर्डले सामूहिक लगानी कोष नीति, २०८३ ल्याएको छ। यसले सामूहिक लगानी कोषको स्थापना, सञ्चालन, नियमन तथा सुपरिवेक्षण कार्यलाई एकीकृत रूपमा सम्बोधन गर्दछ। यस नीतिले सामूहिक लगानी कोष उद्योगलाई आधुनिक, पारदर्शी, सुरक्षित र प्रतिस्पर्धी बनाउँदै दीर्घकालीन पूँजी परिचालन तथा लगानीकर्ता संरक्षण सुदृढ गर्नुका साथै संस्थागत लगानीकर्ताको विकास गर्ने दिशामा सामूहिक लगानी कोष नीति, २०८३ केन्द्रित रहेको छ।

### क) प्रमुख नीतिगत व्यवस्था

यस नीतिले खुलामुखी (Open-ended) योजनालाई प्राथमिकता दिने, नयाँ लगानी उपकरण जस्तै Exchange Traded Funds (ETFs), Real Investment Trusts (REITs), पूर्वाधार तथा हरित कोष लगायतका योजनाको विकास गर्ने, लगानीको विविधीकरण गर्ने, सम्पत्ति मूल्यको पारदर्शी गणना, तरलता तथा पुनःखरिद, जोखिम व्यवस्थापन र लगानीकर्तालाई समयमै सूचना उपलब्ध गराउने व्यवस्था गरेको छ।

### ख) लगानीकर्ता संरक्षण तथा सुशासन

लगानीकर्ताको हित संरक्षणका लागि पारदर्शिता, गुनासो व्यवस्थापन, स्वार्थको द्वन्द्व नियन्त्रण, प्रस्तिपर्धी शुल्क संरचना, जोखिम व्यवस्थापन र संस्थागत सुशासनमा जोड दिइएको छ। डिजिटल सेवा तथा साइबर सुरक्षालाई समेत नियामकीय व्यवस्थाको महत्वपूर्ण पक्ष बनाइएको छ।

### ग) योजना व्यवस्थापकको क्षमता सुदृढीकरण

योजना व्यवस्थापकको क्षमता, जनशक्ति, सूचना प्रविधि पूर्वाधार तथा समग्र व्यवस्थापनमा सामूहिक लगानी कोषको प्रतिफल निहित हुने सन्दर्भमा योजना व्यवस्थापकले लिने शुल्कलाई योजना कार्यसम्पादन सापेक्ष बनाउँदै योजना व्यवस्थापकको क्षमता सुदृढीकरणमा जोड दिने नीति लिइएको छ।

### घ) सुपरिवेक्षण तथा नियमन

यस नीतिमा जोखिम तथा प्रविधिमा आधारित सुपरिवेक्षण प्रणाली विकास गर्ने, नियमित गैह्रस्थलगत सुपरिवेक्षणलाई प्रभावकारी बनाउने र आवश्यक अवस्थामा सुधारात्मक कारबाही गर्ने व्यवस्था प्रस्तावित गरेको छ।

### ङ) कार्यान्वयन तथा अपेक्षित प्रभाव

यस नीतिको चरणबद्ध रूपमा कार्यान्वयन गर्दै सामूहिक लगानी कोषको संस्थागत क्षमता, बजारको गहिराइ र लगानीकर्ताको विश्वास बढाउने लक्ष्य राखिएको छ। यसबाट साना बचतकर्ताहरूको दीर्घकालीन बचतलाई पूँजी बजारमा परिचालन, विविध लगानी अवसरको विस्तार र बजारको स्थायित्वमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

## १. पृष्ठभूमि

पूँजी बजारमा लगानी सम्बन्धी उचित ज्ञान, अनुभव तथा लगानी व्यवस्थापनको लागि समय अभाव हुने सर्वसाधारणको बचतलाई पूँजी बजारमार्फत उत्पादनशील क्षेत्रमा परिचालन गर्न, लगानीको विविधीकरण गर्न, दीर्घकालीन पूँजी निर्माण गर्न तथा पूँजी बजारको स्थायित्व कायम गर्नका लागि सामूहिक लगानी कोषको महत्वपूर्ण भूमिका रहन्छ। सामूहिक लगानी कोषले साना तथा व्यक्तिगत लगानीकर्ताको बचतलाई व्यावसायिक कोष व्यवस्थापनमार्फत विविधीकृत धितोपत्र तथा अन्य स्वीकृत वित्तीय साधनमा परिचालन गर्ने भएकाले वित्तीय समावेशिता, लगानीकर्ताको जोखिम व्यवस्थापन र पूँजी बजारको गहिराइ अभिवृद्धिमा योगदान पुऱ्याउँछ।

नेपालमा सामूहिक लगानी कोषको विकास हुँदै आए पनि हालको संरचनामा योजनाहरूको विविधता, खुलामुखी योजनाको विस्तार, ऋणपत्र तथा मुद्रा बजारमा लगानी, इन्डेक्समा आधारित योजना (Exchange Traded Funds-ETFs), Real Investment Trusts (REITs), पूर्वाधार तथा हरित कोष, लगानी मूल्याङ्कन तथा पारदर्शी खुद सम्पत्ति मूल्य (Net Assets Value) निर्धारण, तरलता व्यवस्थापन, वितरण प्रणाली, संस्थागत सुशासन, जोखिम व्यवस्थापन तथा लगानीकर्ता संरक्षणका क्षेत्रमा थप सुधार आवश्यक रहेको छ।

यस सन्दर्भमा सामूहिक लगानी कोषलाई केवल प्राथमिक निष्कासन (New Fund Offer) मा आधारित लगानी माध्यमका रूपमा सीमित नराखी व्यावसायिक, विविधीकृत, पारदर्शी, जोखिम-सचेत, प्रविधिमैत्री तथा दीर्घकालीन संस्थागत लगानीको आधारस्तम्भका रूपमा विकास गर्ने उद्देश्यले यो नीति तर्जुमा गरिएको छ।

## २. नीतिको आवश्यकता

सामूहिक लगानी कोष नीतिको आवश्यकतालाई देहाय अनुसार प्रस्तुत गरिएको छः

(क) बन्दमुखी योजनामा अधिक निर्भरता र खुलामुखी योजनाको सीमित विकासलाई सुधार गर्न,

(ख) साधारण सेयरमा केन्द्रित लगानी संरचना परिवर्तन गरी मुद्रा बजार, ऋणपत्र लगायतमा विविधीकरण गर्न,

(ग) नवीन उपकरणको विकास तथा प्रोत्साहन गर्न,

(घ) खुद सम्पत्ति मूल्य र पोर्टफोलियो मूल्याङ्कन स्पष्ट गर्दै तरलता र पुनःखरिद जोखिम व्यवस्थापन गर्न,

(ङ) कोष व्यवस्थापक, ट्रष्टी, कस्टोडियन लगायत सेवा प्रदायकको भूमिकामा थप स्पष्टता ल्याउन,

(च) लगानीकर्ताको छनोट विस्तार गर्दै जोखिम विवरण प्रकाशनमा सुधार गर्न र डिजिटल प्रणालीको अवलम्बन गर्न,

(छ) योजनाको कार्यसम्पादन, खर्च, शुल्क तथा सम्बन्धित पक्ष कारोबारमा पारदर्शिता कायम गर्न,

(ज) जोखिममा आधारित तथा प्रविधिमार्फत सुपरिवेक्षण प्रणाली विकास गर्न,

(झ) सुदृढ, पर्याप्त तथा व्यवस्थित डिस्क्लोजर र नियमनकारी विवरण प्रवाह सुधार गर्न,

(ञ) योजनाको उद्देश्य बमोजिम लगानी विविधीकरण गर्न,

(ट) योजनाहरूमा इकाईधनीको रूपमा प्राकृतिक व्यक्तिको सहभागिता बृद्धि गर्न।

## ३. नीतिको दीर्घकालीन दृष्टिकोण

यस नीतिको मूल दृष्टिकोण देहाय बमोजिम रहेको छः

**"सर्वसाधारणको बचतलाई व्यावसायिक व्यवस्थापनमार्फत विविधीकृत, सुरक्षित, पारदर्शी तथा उत्पादनशील लगानीमा परिचालन गर्ने प्रमुख संस्थागत लगानी माध्यम**का रूपमा सामूहिक लगानी कोषलाई विकास गर्ने।"

## ४. नीतिको मूल उद्देश्य

सामूहिक लगानी कोष नीति, २०८३ का प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) लगानीकर्ताको हित संरक्षणः लगानीकर्ताको हित, अधिकार तथा सम्पत्तिको सुरक्षा सुनिश्चित गर्ने।

(ख) व्यावसायिक कोष व्यवस्थापनः योग्य, सक्षम, उत्तरदायी तथा स्रोत सम्पन्न योजना व्यवस्थापकको विकास गर्ने।

(ग) योजनाहरूको विविधीकरणः सेयर (Equity) बाहेक ऋणपत्र, मुद्रा बजार उपकरण, Hybrid उपकरण, Index Fund, ETFs, REITs, Infrastructure Fund, Green Financing तथा अन्य स्वीकृत लगानी उपकरणको विकास गर्ने।

(घ) दीर्घकालीन पूँजी परिचालनः सर्वसाधारणको बचतलाई पूँजी बजारमार्फत दीर्घकालीन उत्पादनशील लगानीतर्फ परिचालन गर्ने।

(ङ) पूँजी बजारको गहिराइ सुधारः संस्थागत लगानीकर्ता बढाई दोस्रो बजार तरलता तथा मूल्य अन्वेषण (Price Discovery) प्रणालीलाई सुधार गर्ने।

(च) वित्तीय समावेशिताः सानो रकमबाट लगानी गर्न सक्ने अवसर विस्तार गर्ने।

(छ) जोखिम व्यवस्थापनः विविधीकरण, मूल्याङ्कन, तरलता व्यवस्थापन, दबाब परीक्षण तथा जोखिममा आधारित सुपरिवेक्षणलाई संस्थागत गर्ने।

(ज) अन्तर्राष्ट्रिय अभ्याससँग सामञ्जस्यः सामूहिक लगानी कोषसम्बन्धी नियमनकारी संरचना (Regulatory Framework) लाई अन्तर्राष्ट्रिय असल अभ्याससँग क्रमशः सामञ्जस्य बनाउँदै लैजाने।

(झ) योजना व्यवस्थापकको क्षमता अभिवृद्धिः विशिष्ट लगानी रणनीति र उद्देश्यका योजना व्यवस्थापनमार्फत योजना व्यवस्थापकको लगानी व्यवस्थापन क्षमतामा सुदृढीकरण गर्ने।

## ५. नीतिका मूल सिद्धान्त

सामूहिक लगानी कोष तथा सामूहिक लगानी कोष योजनाहरूको नियमन र सुपरिवेक्षण देहायका मूल सिद्धान्तमा आधारित हुनेछः

(क) लगानीकर्ता प्रथम सिद्धान्त (Investor First Principle)

(ख) पारदर्शिता सिद्धान्त (Transparency Principle)

(ग) सक्षम व्यवस्थापक र व्यावसायिक व्यवस्थापन सिद्धान्त (Efficient Manager and Professional Management Principle)

(घ) पारदर्शी मूल्याङ्कन सिद्धान्त (Fair Valuation Principle)

(ङ) जोखिममा आधारित नियमन सिद्धान्त (Risk-Based Regulation Principle)

(च) स्वार्थको द्वन्द्व व्यवस्थापन सिद्धान्त (Conflict of Interest Management Principle)

(छ) विविधीकरणको सिद्धान्त (Diversification Principle)

(ज) तरलता व्यवस्थापनको सिद्धान्त (Liquidity Management Principle)

(झ) बजार निष्ठाको सिद्धान्त (Market Integrity Principle)

(ञ) प्रविधि तटस्थताको सिद्धान्त (Technology Neutrality Principle)

(ट) वित्तीय समावेशिताको सिद्धान्त (Financial Inclusion Principle)

## ६. नीतिगत सुधारका क्षेत्र तथा नीति

सामूहिक लगानी कोषको नीतिगत सुधारका क्षेत्र तथा नीतिहरु देहाय बमोजिम रहेका छन्।

### ६.१ नियामकीय संरचना

६.१.१. सामूहिक लगानी कोषको समग्र नियमनमा निम्न संस्थागत संरचना कायम गरिनेछ।

नेपाल धितोपत्र बोर्ड, कोष प्रबर्द्धक (Fund Sponsor), योजना व्यवस्थापक (Fund Manager), ट्रष्टी/सुपरिवेक्षक, डिपोजिटरी/कस्टोडियन, रजिष्ट्रार/ट्रान्सफर एजेन्ट, वितरक/डिजिटल वितरण प्लेटफर्म, इकाईधनी (लगानीकर्ता) सम्मिलित देहायको संरचना भएको सामूहिक लगानी कोषको बजार विकास गरिनेछ।

नेपाल धितोपत्र बोर्ड

↓

कोष प्रवर्द्धक

↓

योजना व्यवस्थापक

↓

ट्रष्टी/सुपरिवेक्षक

↓

डिपोजिटरी/कस्टोडियन

↓

रजिष्ट्रार/ट्रान्सफर एजेन्ट

↓

वितरक/डिजिटल वितरण प्लेटफर्म

↓

इकाईधनी (लगानीकर्ता)।

सामूहिक लगानी कोषको संरचनामा रहने प्रत्येक संस्थाको जिम्मेवारी, उत्तरदायित्व तथा स्वार्थको द्वन्द्व सम्बन्धी व्यवस्था स्पष्ट रूपमा निर्धारण गरिनेछ। योजनाको सम्पत्तिलाई प्रवर्द्धक र योजना व्यवस्थापकको आफ्नै सम्पत्तिबाट कानूनी तथा लेखापरीक्षणीय रूपमा स्पष्ट पृथकीकरण (separation) गरिनेछ।

६.१.२. **कोष प्रवर्द्धक (Sponsor)**: सामूहिक लगानी कोष स्थापना गर्न चाहने प्रवर्द्धकले देहायका न्यूनतम शर्त पूरा गर्नुपर्नेछ र कोष प्रवर्द्धक तथा योजना व्यवस्थापकबीचको सम्बन्धमा स्वतन्त्रता तथा जवाफदेहिता कायम गरिनेछ।

(क) पर्याप्त वित्तीय तथा संस्थागत क्षमता (निर्धारित खुद सम्पत्ति) कायम गर्नुपर्ने;

(ख) योजना व्यवस्थापकको संचालनमा अनुचित हस्तक्षेप नगर्ने,

(ग) इकाईधनी तथा योजनाको सम्पत्तिको हितलाई प्राथमिकता दिनुपर्ने,

(घ) निर्धारित प्रवर्द्धक प्रतिबद्धता (सिड पूँजी लगायत) कायम गर्नुपर्ने,

(ङ) सम्बन्धित कानून तथा बोर्डका निर्देशन पालना गर्नुपर्ने।

प्रवर्द्धकलाई योजनाको सम्पत्ति प्रयोग गरी आफैले लाभ लिन, योजना व्यवस्थापकको निर्णयमा हस्तक्षेप वा प्रभाव पार्न, सम्बन्धित पक्षको कारोबारबाट लाभ लिन, वा आफ्नो सामर्थ्यमार्फत लगानीकर्तालाई प्रभाव पार्न वा भ्रामक सूचना दिन पूर्ण रूपमा निषेध गरिनेछ। प्रवर्द्धकका मुख्य भूमिका देहाय बमोजिम हुनेछन्:

(क) योग्य योजना व्यवस्थापक नियुक्त गर्ने,

(ख) निर्दिष्ट गरिएको कोष प्रवर्द्धन रकम उपलब्ध गराई योजनाको प्रारम्भिक संरचना तयार गर्ने,

(ग) योजना व्यवस्थापनमा आफ्नो प्रभावको दुरुपयोग नगरी लगानीकर्ता संरक्षणमा सहयोग गर्ने।

६.१.३. **योजना व्यवस्थापक (Fund Manager)**: योजना व्यवस्थापकले सामूहिक लगानी योजना संचालन गर्न चाहेमा बोर्डले तोकेको न्यूनतम चुक्ता पूँजी/खुद सम्पत्ति, दक्ष र अनुभवी लगानी अधिकृतको नियुक्ति, जोखिम व्यवस्थापन क्षमता, नियमनकारी परिपालना, आन्तरिक लेखापरीक्षण, सूचना प्रविधि पूर्वाधार, व्यवसाय निरन्तरता योजना तथा प्रमाणित कारोबार प्रणाली (खुलामुखी योजना संचालन गर्नेको हकमा) लगायतका योग्यता पूरा गरी छुट्टै अनुमतिपत्र लिनुपर्नेछ। योजना व्यवस्थापकले देहायका कार्य तथा व्यवस्थाहरु गर्नुपर्नेछः

(क) लगानी व्यवस्थापन तथा पोर्टफोलियो निर्माण;

(ख) जोखिम व्यवस्थापन तथा प्रवर्द्धन/सिड पूँजी लगानी;

(ग) मूल्याङ्कन तथा तरलता व्यवस्थापन;

(घ) लगानीकर्ता सूचना तथा गुनासो समाधान;

(ङ) योजनाको लगानी, इकाई कारोबार तथा लगानीकर्ता तथ्याङ्क प्रणालीको निर्माण र सुरक्षा;

(च) नियमनकारी रिपोर्टिङ;

(छ) व्यवस्थापकीय क्षमता, स्रोत तथा पूर्वाधारको व्यवस्था;

(ज) लगानी, मूल्याङ्कन, जोखिम व्यवस्थापन, स्वार्थको द्वन्द्व व्यवस्थापन, तथ्याङ्क तथा सम्पत्ति संरक्षण र योजना खारेजी सम्बन्धी नीति, आचारसंहिता र कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) तयार गरी लागू गर्ने;

(झ) योजना व्यवस्थापनको संगठन संरचना निर्माण गरी दक्ष र अनुभवी लगानी अनुसन्धान अधिकृत (Investment Research Officer), योजना प्रमुख, अन्य जनशक्ति तथा योजनाको वितरक नियुक्त गर्ने;

(ञ) लगानी निर्णय र प्रक्रियामा संलग्न हुनेहरूका लागि आचारसंहिता बनाई लागू गर्ने।

६.१.४. **ट्रष्टीः** ट्रष्टी (ट्रष्टीको व्यवस्था नहुदासम्म कोष सुपरिवेक्षक) योजना व्यवस्थापक तथा प्रबर्द्धकबाट कार्य संचालन तथा निर्णय प्रक्रियाको दृष्टिले पर्याप्त स्वतन्त्र हुनुपर्नेछ। ट्रष्टीले बोर्डको नीति-नियमको अधीनमा रही कोष तथा इकाईधनीहरूको हित संरक्षण गर्ने fiduciary भूमिका निर्वाह गर्नेछ। ट्रष्टी वा कोष सुपरिवेक्षकले मुख्यतः देहायका कार्य गर्नेछः

(क) योजना व्यवस्थापकको कार्यको निगरानी तथा लगानी उद्देश्य (mandate) पालना भए/नभएको हेर्ने,

(ख) योजनाको सम्पत्तिको संरक्षण सुनिश्चित गर्न आवश्यक निरीक्षण (oversight) गर्ने,

(ग) मुख्य उल्लङ्घन (material breach) बोर्डलाई जानकारी गराउने,

(घ) लगानीकर्ता हितमा प्रतिकूल असर पर्ने कार्य रोक्न आवश्यक कदम चाल्ने,

(ङ) इकाईधनीका गुनासो/उजुरीको अनुगमन गर्ने र योजना संचालन तथा खारेजीमा इकाईधनीको हित संरक्षण गर्ने।

६.१.५. **डिपोजिटरी/कस्टोडियनः** कोष अन्तर्गतको सम्पत्तिको संरक्षण, राफसाफ (custody, settlement) तथा पुनःपरीक्षण (reconciliation) का लागि योग्य डिपोजिटरीको व्यवस्था गरिनेछ। डिपोजिटरी/कस्टोडियनले योजना व्यवस्थापकबाट योजनाको सम्पत्तिको स्वामित्व तथा नियन्त्रण छुट्याई सुरक्षित निक्षेप (custody) कायम गर्नुपर्नेछ र योजना व्यवस्थापकबाट स्वतन्त्र रही डिपोजिटरीले

(क) सम्पत्तिको प्राप्ति, लेखांकन, हस्तान्तरण तथा फरफारक (धितोपत्र custody, नगद व्यवस्थापन, राफसाफ, हिसाब मिलान, corporate action processing सहित) गर्नुपर्ने,

(ख) योजना व्यवस्थापकले डिपोजिटरी सम्बन्धी कार्य गरेमा व्यवस्थापकको कार्यबाट डिपोजिटरीको कार्यलाई अलग गर्नुपर्ने,

(ग) डिपोजिटरीले नियमसंगत रूपमा प्रक्रिया पूरा गरी आएका अध्यावधिक गर्ने अनुरोधलाई मात्र स्वीकृत गरी अध्यावधिक गर्नुपर्ने।

६.१.६. **रजिष्ट्रार/ट्रान्सफर एजेन्टः** योजना व्यवस्थापकले बोर्डले सूचीकरण वा निर्धारण गरेको योग्यता पूरा गरेका संस्थालाई रजिष्ट्रार/ट्रान्सफर एजेन्टको रूपमा नियुक्त गर्न सक्नेछ। यसरी नियुक्त नगरेको खण्डमा व्यवस्थापकले सो कार्यको लागि अधिकार सम्पन्न विभाग स्थापना तथा सोको संचालनको लागि स्पष्ट Standard Operating Procedure (SOP) बनाई उक्त विभागको कार्य सम्पादन गर्नुपर्नेछ। रजिष्ट्रार/ट्रान्सफर एजेन्टले गर्ने कार्य देहाय अनुसार रहनेछः

(क) इकाईधनीको रजिष्टर कायम गर्ने,

(ख) इकाई खरिद/बिक्रीको आवेदन प्रोसेसिङ गर्ने,

(ग) राफसाफ तथा हस्तान्तरण गर्ने,

(घ) इकाई तथा लाभांश वितरणका अभिलेख राख्ने र

(ङ) लगानीकर्तालाई कारोबार जानकारी, एकाउन्ट स्टेटमेन्ट, खुद सम्पत्ति मूल्य, लाभांश/इकाई वितरण, पुनःखरिदको अवस्था लगायतका सूचना समयमा उपलब्ध गराउने।

६.१.७. **वितरकः** योजना व्यवस्थापकले इकाई बिक्रीका लागि अनुमतिप्राप्त धितोपत्र व्यवसायी, बैंक तथा वित्तीय संस्था, डिजिटल प्लेटफर्म वा अन्य योग्य वितरकहरूलाई नियुक्त गरी वितरण सञ्जाल (Distribution Network) निर्माण गर्न सक्नेछ। वितरकका कामकारबाही प्रति नियुक्त गर्ने योजना व्यवस्थापक जवाफदेही हुनेछ। वितरकले देहाय बमोजिमका कर्तव्य पालना गर्नुपर्नेछ :

(क) लगानीकर्ताको उपयुक्तता (suitability) विचार गर्ने,

(ख) जोखिमको स्पष्ट जानकारी दिने,

(ग) निश्चित प्रतिफल (Guaranteed Return) को दाबी नगर्ने,

(घ) भ्रामक विज्ञापन नगर्ने र प्राप्त कमिशनको जानकारी गराउने।

## ६.२ अनुमति प्राप्त सामूहिक लगानी कोष योजना

बोर्डले सामूहिक लगानी कोष योजनाहरूको उद्देश्य र संचालनमा विविधीकरण गरी देहायका योजनाहरूलाई स्वीकृति दिन सक्नेछ र विकसित बजार तथा लगानीकर्ताको आवश्यकता बमोजिम नवीन प्रकारका योजना संचालनको स्वीकृति समेत प्रदान गर्न सक्नेछः

(क) Equity Mutual Fund: मुख्यतः सूचीकृत संगठित संस्थाहरूको सेयरमा लगानी गर्ने।

(ख) Debt Mutual Fund: सरकारी तथा संस्थागत ऋणपत्रहरूमा लगानी गर्ने।

(ग) Money Market Fund: अल्पकालीन तथा उच्च तरलता भएका वित्तीय साधनमा लगानी गर्ने।

(घ) Hybrid Fund: सेयर र स्थिर आम्दानी भएका धितोपत्रहरूको मिश्रित पोर्टफोलियो बनाउने।

(ङ) Index Fund: स्वीकृत बजार सूचकाङ्कको प्रतिनिधित्व (Replicate) गर्ने।

(च) Exchange Traded Funds (ETFs): स्टक एक्सचेन्जमा कारोबार गर्न सकिने सामूहिक लगानी योजना।

(छ) Infrastructure Fund: पूर्वाधारसम्बन्धी परियोजना तथा धितोपत्रमा लगानी गर्ने।

(ज) Green/Sustainable Fund: हरित तथा दिगो वित्तीय परियोजना संचालन गर्ने कम्पनीमा लगानी गर्ने।

(झ) SME Fund: योग्य साना तथा मझौला उद्यममा लगानी गर्ने।

(ञ) Real Investment Trusts (REITs): नियमित आम्दानी प्रदान गर्न सक्ने व्यवसायिक कम्प्लेक्स कार्यालय भवन, होटेल, अपार्टमेन्ट, गोदामघर जस्ता परियोजनामा लगानी गर्ने ।

(ट) अन्य Specialized Fund: बोर्डले बजारको आवश्यकता तथा लगानीकर्ताको हित हेरी स्वीकृत गरेका अन्य योजना।

## ६.३ योजनाको वर्गीकरण

सामूहिक लगानी योजनाहरूलाई संरचनाका आधारमा देहायबमोजिम वर्गीकरण गरिनेछ र योजना व्यवस्थापकले योजना दर्ताको निवेदन तथा विवरण पुस्तिकामा सोको स्पष्ट प्रकाश पार्नु पर्नेछः

(क) खुलामुखी (Open-ended),
(ख) बन्दमुखी (Closed-ended),
(ग) Exchange Traded Fund,
(घ) Specialized Fund।

## ६.४ खुलामुखी (Open-ended) योजनालाई प्राथमिकता

नीतिगत रुपमा खुलामुखी योजनाको विकासलाई मुख्य प्राथमिकता दिईनेछ। यसका लागी देहायका व्यवस्था गरिनेछः

(क) स्वीकृत इकाईको नियमित आवेदन (continuous subscription) र व्यवस्थित पुनःखरिद (Systematic Withdrawal),
(ख) योजना व्यवस्थापक वा वितरकमार्फत विद्युतीय (Online) माध्यमबाट खरिद/बिक्री,
(ग) नियमित खुद सम्पत्ति मूल्य तथा अन्य सारभूत (material) सूचनाको प्रकाशन,
(घ) तरलता व्यवस्थापन तथा लगानीकर्ता सुविधा,
(ङ) लाभांश वितरण नीति, Systematic Investment Plan, Dividend Re-investment Plan, Systematic Transfer Plan, Systematic Withdrawal Plan लगायतका सुविधा।

६.४.१ **Subscription (इकाई आवेदन):** खुलामुखी योजनाको इकाई योजना व्यवस्थापक वा नियुक्त वितरकबाट नियमित रूपमा खरिद गर्न सकिनेछ। लगानीकर्ताले इकाई खरिद गर्नुभन्दा अगावै योजना सम्बन्धी जानकारी पाउने व्यवस्था हुनुपर्नेछ र स्वीकृत इकाई, बिक्री भएका इकाई, बाँकी इकाई तथा अघिल्लो दिनको प्रति इकाई खुद सम्पत्ति मूल्य सधैं उपलब्ध हुनुपर्नेछ। लगानीकर्तालाई तोकिएको समयमै इकाई उपलब्ध गराउन नसक्ने अवस्थामा व्यवस्थापकले लगानीकर्ताबाट रकम लिन पाउने छैन। एक योजना व्यवस्थापकले व्यवस्थापन गर्ने खुलामुखी योजनाहरूको Assets Under Management (AUM) लाई उक्त व्यवस्थापकको पूँजी पर्याप्तता, योजनामा बीज पूँजी (Seed Capital), तरलता, संस्थागत व्यवस्थापन लगायतका अन्य क्षमतासँग आबद्ध गरिनेछ।

६.४.२ **Redemption:** लगानीकर्ताले योजनामा उल्लिखित शर्त बमोजिम इकाई योजना व्यवस्थापकलाई फिर्ता/बिक्री गर्न पाउनेछन् र सो बमोजिमको तरलता व्यवस्था योजना व्यवस्थापकले गर्नुपर्नेछ। विशेष परिस्थितिमा बोर्डले इकाई बिक्री तथा पुनःखरिदमा सीमा तथा बन्देज लगाउन सक्नेछ।

६.४.३ **बन्दमुखी (Closed-ended) योजना:** खुलामुखी योजनाको विकासलाई प्राथमिकता दिँदै गर्दा बन्दमुखी योजनाको स्वीकृति प्रक्रियालाई पनि निरन्तरता दिइनेछ। योजना व्यवस्थापकले बोर्डमा पेश गर्ने

निवेदन तथा विवरण पुस्तिकामा योजनाको निश्चित अवधि (Maturity Period) स्पष्ट गर्नुपर्नेछ। स्वीकृति पूर्व धितोपत्र बजारमा सूचीकरणको सुनिश्चितता गर्नुपर्नेछ र लगानीकर्ताले घरबाटै दैनिक प्रति इकाई खुद सम्पत्ति मूल्य (NAV) र प्रति इकाई बजार कारोबार मूल्य (Market Price) प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनुपर्नेछ। साथै परिपक्व हुने अवधि, सूचीकरण, डिस्काउन्ट वा प्रिमियम, तरलता तथा बिक्रीको माध्यम र लाभांश वितरण/इकाई फिर्ता नीति स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

**६.५ Exchange Traded Fund (ETF) विकास नीति**

नेपालमा ETF को विकासका लागि देहायका विषय समेटी छुट्टै नियामकीय संरचना (regulatory framework) विकास गरिनेछः

६.५.१ **संरचनाः** ETF को विकासमा Fund Manager, Custodian, Authorized Participant, Market Maker र Stock Exchage बीचको अन्तरसम्बन्धित संरचना रहनेछ।

६.५.२ **Creation/Redemption:** आधिकारिक सहभागी (Authorized Participant) मार्फत creation basket, redemption basket तथा cash component सम्बन्धी निर्दिष्ट प्रणाली (prescribed mechanism) लागू गरिनेछ।

६.५.३ **Market Maker:** ETF मा पर्याप्त दोस्रो बजार तरलता कायम गर्न योग्य market maker को व्यवस्था गरिनेछ, जसले two-way quotes, minimum quote size, maximum spread र minimum presence सम्बन्धी बोर्ड वा धितोपत्र बजारका मापदण्ड पालना गर्नुपर्नेछ।

६.५.४ **Tracking Error तथा Indicative NAV:** ETF को performance निहित इन्डेक्ससँग अत्यधिक विचलित हुन नदिने व्यवस्था गरिनेछ र सम्भावित विचलन पत्ता लगाउन Tracking Error नियमित रूपमा सार्वजनिक गरिनेछ। साथै ETF का लागि खुद सम्पत्ति मूल्य (NAV), Indicative NAV र Tracking Performance उपलब्ध हुने व्यवस्था गरिनेछ।

**६.६ योजनाको स्वीकृति (Scheme Approval)**

योजना व्यवस्थापकले संचालन गर्ने प्रत्येक योजनाको संचालन पूर्व बोर्डमा दर्ता गरी स्वीकृति प्राप्त गर्नुपर्नेछ। बोर्डमा दर्ता नभएका इकाई लगानीकर्तालाई बिक्री गर्न, बिक्रीको प्रस्ताव गर्न वा अग्रिम रकम लिन पाइने छैन। इकाई निष्काशन तथा बिक्रीलाई प्रविधिमैत्री बनाइनेछ। बोर्डमा स्वीकृतिका लागि पेश गरिने आवेदनसाथ देहायका न्यूनतम विषय छुट्टाछुट्टै स्पष्ट खुलाउनुपर्नेछः

(क) योजनाको उद्देश्य,
(ख) लगानी रणनीति,
(ग) सम्पत्तिको वितरण,
(घ) जोखिम अवस्था,
(ङ) शुल्क विवरण,
(च) पुनःखरिद प्रणाली,
(छ) मूल्याङ्कन विधि,
(ज) संगठन संरचना,
(झ) योजना (Scheme Manager) प्रमुखको योग्यता,
(ञ) सम्बद्ध जनशक्ति,

(ट) पूर्व नियामकीय कारबाही भए/नभएको र
(ठ) सेवा प्रदायक सम्बन्धी ।
योजनाको पूर्व-संचालन खर्चलाई प्रतिस्पर्धी तथा मितव्ययी बनाइनेछ।

**६.७ लगानी नीति (Investment Policy) तथा विविधीकरण (Diversification)**

सामूहिक लगानी योजनाहरूले आफ्नो लगानीलाई विविधीकरणको सिद्धान्त बमोजिम स्क्रिप्टगत, क्षेत्रगत, उपकरणगत तथा परिपक्व हुने अवधिका आधारमा विविधीकरण गर्नुपर्नेछ। कुनै एक निष्काशनकर्ता (issuer), समूह, क्षेत्र (sector) वा उपकरण (instrument) मा अत्यधिक केन्द्रीकरण (concentration) हुन नदिने व्यवस्था गरिनेछ।

६.७.१ धितोपत्रको प्राथमिक निष्काशनमा सामूहिक लगानी कोषलाई छुट्टाइएको धितोपत्रमा योजनाहरूले गरेको लगानीमा विद्यमान लक इन (Lock-in) सम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिनेछ। साथै, सामूहिक लगानी कोष योजनाले लगानी गरेका सूचीकृत संगठित संस्थामा संचालक समिति चयनको लागि हुने निर्वाचनमा योजना व्यवस्थापकको भूमिकालाई स्पष्ट गरिनेछ ।

**६.८ लगानी योग्य क्षेत्र तथा उपकरण**

६.८.१ सामूहिक लगानी योजनाहरूले बोर्डद्वारा स्वीकृत लगानीका क्षेत्र तथा साधनहरूमा इकाईधनीको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछन्। लगानीमा सूचीकृत र तरलता भएका धितोपत्रलाई प्राथमिकता दिइनेछ। मुख्य लगानीका क्षेत्र तथा उपकरणहरू देहाय बमोजिम हुनेछन्ः

(क) सूचीकृत धितोपत्र (Listed Shares),
(ख) सरकारी धितोपत्र (Government Securities),
(ग) संस्थागत ऋणपत्र (Corporate Bonds and Debentures),
(घ) मुद्रा बजार उपकरण (Money Market Instruments),
(ङ) सामूहिक लगानी योजना (Collective Investment Schemes),
(च) Index-linked Instruments,
(छ) पूर्वाधार सम्बन्धी धितोपत्र (Infrastructure-related Securities),
(ज) अन्य बोर्डबाट स्वीकृत Securities।

६.८.२ विदेशी धितोपत्र बजारमा म्युचुअल फण्ड योजनाको निश्चित प्रतिशत रकमसम्म लगानी गर्न सकिने व्यवस्था नेपाल सरकारसँगको समन्वयमा कार्यान्वयनमा ल्याइनेछ।

६.८.३ सूचीकृत नभएका धितोपत्र (Un-listed Securities) मा लगानी गर्दा तोकिएको सीमा (Prescribed Limit), स्वतन्त्र मूल्याङ्कन (Independent Valuation), तरलता मूल्याङ्कन (Liquidity Assessment) र विस्तृत प्रकाशन (Enhanced Disclosure) सम्बन्धी बोर्डका शर्त अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

६.८.४ योजनाले नियमावली, निर्देशिका वा बोर्डले तोकेको र स्वीकृत विवरण पुस्तिकामा उल्लेखित रणनीतिक सम्पत्ति बाँडफाँड (Strategic Asset Allocation) अनुसार लगानी गर्नुपर्नेछ। एकल निष्काशनकर्ता, समूह, क्षेत्र, उपकरण र सम्बन्धित पक्षसँगको कारोबारमा विवेकपूर्ण सीमा (Prudential Limit) लागू गरिनेछ। योजनाले बोर्डले निषेध गरेको धितोपत्र वा क्षेत्रमा लगानी गर्न पाउने छैन। अत्यधिक अनुमान, कृत्रिम कारोबार, निषेधित सम्बन्धित पक्ष कारोबार तथा अप्रमाणित वा गैर कानूनी धितोपत्रमा लगानी गर्न पूर्ण रूपमा बन्देज गरी इकाईधनी-हित निर्देशित जवाफदेही लगानी प्रणाली विकास गरिनेछ।

## ६.९ सम्बन्धित पक्ष कारोबार तथा स्वार्थको द्वन्द्व व्यवस्थापन

सम्बन्धित पक्षहरूबीचको कारोबारलाई निरुत्साहित गरिनेछ। योजना व्यवस्थापक, प्रवर्द्धक, ट्रष्टी, कस्टोडियन तथा सम्बन्धित पक्षसँग सम्बन्धित धितोपत्रमा लगानी गर्दा स्वार्थको द्वन्द्व (conflict of interest) सम्बन्धी विशेष व्यवस्था लागू हुनेछ। यस्ता कारोबारमा पूर्व-स्वीकृति (Prior Approval), स्वतन्त्र निरीक्षण (Independent Oversight) र पूर्ण प्रकाशन (Full Disclosure) अनिवार्य गरिनेछ। योजनाको लगानीमा सम्बद्ध पक्षहरूले गर्न मिल्ने र नमिल्ने कामका सम्बन्धमा आचारसंहिता बनाई अनिवार्य रूपमा लागू गरिनेछ। योजना व्यवस्थापकले स्वार्थको द्वन्द्व व्यवस्थापन कार्यविधिमा Conflict Register, Chinese Wall, Segregation of Duties, Related Party Approval र Disclosure लगायतका व्यवस्था समावेश गरी लागू गर्नुपर्नेछ। यस प्रकारका पदाधिकारी तथा कर्मचारीको लगानी स्वार्थ सम्बन्धी विवरण लिई नियमित परीक्षण गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

## ६.१० खुद सम्पत्ति मूल्य (Net Asset Value) तथा मूल्याङ्कन

**६.१०.१ खुद सम्पत्ति मूल्य निर्धारणः** प्रत्येक योजनाको खुद सम्पत्तिको मूल्याङ्कन बोर्डद्वारा स्वीकृत विधि बमोजिम गर्नुपर्नेछ। सूचीकृत धितोपत्रको मूल्याङ्कन बजार कारोबार मूल्यमा र सूचीकरण नभएका, सूचीकरण स्थगन भएका वा सूचीकरण रद्द भएका धितोपत्रको मूल्याङ्कन उचित मूल्य (Fair Value) मा गर्ने व्यवस्था गरिनेछ। नियमित कारोबारबाट बजार मूल्य उपलब्ध नभएका सम्पत्ति/दायित्वको Fair Valuation गर्दा तोकिएको मूल्याङ्कन विधि (Prescribed Valuation Methodology), स्वतन्त्र मूल्याङ्कन (Independent Valuation), मूल्याङ्कन समितिको सुझाव (Inputs from Valuation Committee) तथा अवलोकनयोग्य बजार सूचना (Observable Market Inputs) का आधारमा गर्नुपर्नेछ।

**६.१०.२ NAV को प्रकाशनः** बन्दमुखी तथा खुलामुखी दुवै योजनाले नियमित रूपमा खुद सम्पत्ति मूल्य (NAV) सार्वजनिक गर्नुपर्नेछ। योजनाले दैनिक NAV र कारोवार मूल्य आफ्नो वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ। विवरण पुस्तिका सम्बन्धित योजना परिपक्व नहुँदासम्म र परिवर्तन भएका सूचना/जानकारी अद्यावधिक गरी बोर्डलाई जानकारी दिई वेबसाइटमा राख्नुपर्नेछ। Exchange Traded Fund का लागि NAV, Indicative NAV र Tracking Performance सधैं उपलब्ध हुने व्यवस्था गरिनेछ।

**६.१०.३ मूल्याङ्कन नीति (Valuation Policy):** प्रत्येक योजना व्यवस्थापकको बोर्डबाट स्वीकृत मूल्याङ्कन नीति हुनुपर्नेछ। मूल्याङ्कन नीतिमा परिवर्तन गर्नुपरेमा बोर्डबाट पुनः स्वीकृति लिनुपर्नेछ र सोको जानकारी लगानीकर्तालाई गराउनुपर्नेछ। नीति/नियम प्रतिकूल मूल्याङ्कन तथा त्यसको सार्वजनिक प्रकाशनबाट योजना वा लगानीकर्तालाई हुने क्षतिको हकमा सम्बन्धित योजना व्यवस्थापक जवाफदेही हुनेछ। सूचीकरण नभएका, सूचीकरण खारेज वा स्थगन भएका धितोपत्रको मूल्याङ्कनका लागि स्वतन्त्र मूल्याङ्कन विधि अपनाइनेछ र मूल्याङ्कनमा लिइएको आधार, विधि तथा अन्तर्राष्ट्रिय मापदण्ड मूल्याङ्कन प्रतिवेदनमा खुलाउनुपर्नेछ।

प्रत्येक योजना व्यवस्थापकमा स्वतन्त्र सञ्चालकको नेतृत्वमा एक स्वतन्त्र मूल्याङ्कन समिति (Independent Valuation Committee) रहनेछ। उक्त समितिले मूल्याङ्कन विधि, मूल्यको स्रोत, Fair Value तथा मूल्याङ्कनका अपवाद (Valuation Exceptions) को समीक्षा गरी वार्षिक प्रतिवेदन लेखापरीक्षकबाट प्रमाणित गराई बोर्डमा पेश गर्नुपर्नेछ।

## ६.११ तरलता व्यवस्थापन तथा पुनःखरिद (Liquidity and Redemption)

**६.११.१ तरलता व्यवस्थापन (Liquidity)**ः योजना व्यवस्थापकले संचालन गर्ने योजनाहरूमा पर्याप्त तरलता कायम गरी इकाईधनीहरूको Redemption माग तोकिएको समयमा सम्बोधन गर्नुपर्नेछ। तरलता व्यवस्थापनका लागि Redemption Forecast, Liquidity Buffer, Stress Testing, Maturity Matching र Contingency Fund सम्बन्धी व्यवस्था गरिनेछ।

खुलामुखी योजनाहरूले तोकिएको तरलता कायम गर्नुपर्नेछ। योजना व्यवस्थापकले नियमित रूपमा Liquidity Stress Testing संचालन गर्नुपर्नेछ, जसमा न्यूनतम रूपमा High Redemption, Market Decline, Bond Liquidity र Settlement Disruption जस्ता परिदृश्य (scenario) समावेश गर्नुपर्नेछ। वार्षिक Liquidity Stress Testing प्रतिवेदन र आगामी आर्थिक वर्षको तरलता व्यवस्थापन योजना प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस (३०) दिनभित्र बोर्डमा पेश गर्नुपर्नेछ।

**६.११.२ Redemption प्रक्रिया**ः खुलामुखी योजनाहरूको Redemption का लागि इकाईधनीको आवेदन, Cut-off समय, लागू हुने खुद सम्पत्ति मूल्य, राफसाफ अवधि तथा (Entry & Exit Load) शुल्क लगायतका विषय स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

**६.११.३ असामान्य बजार अवस्थाका उपायहरूः** असामान्य बजार परिस्थितिमा बोर्डद्वारा स्वीकृत वा नियममा तोकिएको अवस्थामा तत्काल Redemption निष्क्रिय गर्ने, Redemption Gate लागू गर्ने, Liquidity Fee लगाउने वा Swing Pricing अपनाउने जस्ता उपायहरू लागू गरिनेछ। असामान्य अवस्थामा लगानीकर्ता हित संरक्षण तथा लगानीकर्ताहरूबीच समान व्यवहारको सिद्धान्त अवलम्बन गरिनेछ। नियम तथा निर्देशनमा Redemption Suspension, Redemption Gate, Swing Pricing र Liquidity Fee सम्बन्धी विस्तृत व्यवस्था तोकिनेछ।

## ६.१२ लगानीकर्ता संरक्षण (Investor Protection)

**६.१२.१ जानकारी तथा डिस्क्लोजरः** प्रत्येक योजनाले लगानीकर्तालाई न्यूनतम रूपमा देहायका विषय सम्बन्धी स्पष्ट जानकारी दिनुपर्नेछः

(क) लगानीको उद्देश्य (Investment Objective),
(ख) लगानी रणनीति (Investment Strategy),
(ग) जोखिम (Risk),
(घ) शुल्क (Fees),
(ङ) खर्च अनुपात (Expense Ratio),
(च) पोर्टफोलियोको संरचना (Portfolio Composition),
(छ) बेन्चमार्क (Benchmark),
(ज) पहिलेको कार्यसम्पादन (Historical Performance),
(झ) तरलता (Liquidity)
(ञ) पुनःखरिदका शर्त (Redemption Terms),
(ट) बिक्री तथा पुनःखरिद शुल्क (Entry/Exit Load) ।

योजनाको कार्यसम्पादन (Performance) लाई Absolute Return, Annualized Return, Benchmark Return र Risk-adjusted Information का आधारमा प्रस्तुत गर्ने नीति लिइनेछ।

**६.१२.२ उचित तथा भ्रमरहित विज्ञापनः** सामूहिक लगानी कोषको विज्ञापनले लगानीकर्तालाई भ्रम सिर्जना गर्ने वा अधिक जोखिम बहन गर्न उत्प्रेरित गर्ने हुनु हुँदैन। योजना व्यवस्थापक वा योजनाले गर्ने विज्ञापनमा न्यूनतम रूपमा Fair, Clear, Balanced र Non-misleading जस्ता गुणहरू हुनुपर्नेछ, र "Guaranteed Return", "Risk-free Investment" वा त्यस्तै भ्रामक दाबी गर्न पाइने छैन।

**६.१२.३ इकाईधनीको अधिकार (Unit Holder Rights):** योजना व्यवस्थापकले इकाईधनीको हित संरक्षणलाई पहिलो दायित्वको रूपमा लिनुपर्नेछ। इकाईधनीहरूलाई देहायका अधिकार प्राप्त हुनेछन्:

(क) योजनाको सम्पत्ति तथा प्रतिफलमा धारण गरेको इकाईको अनुपातमा हिस्सेदारी पाउने,

(ख) आवधिक स्टेटमेन्ट तथा खुद सम्पत्ति मूल्य र जोखिम सम्बन्धी जानकारी पाउने,

(ग) चाहेको समयमा इकाई बिक्री गर्ने,

(घ) निर्धारित प्रक्रियामार्फत योजना व्यवस्थापक हटाउने वा परिवर्तन गर्ने,

(ङ) गुनासो व्यवस्थापन गराई पाउने।

**६.१२.४ समान व्यवहार तथा उचित बाँडफाँडः** समान वर्गका इकाईधनीहरूलाई Fair and Equal Treatment को सिद्धान्तअनुसार व्यवहार गरिनेछ। IPO, FPO, Rights Issue, Preferential Allocation वा अन्य धितोपत्रमा योजनाका लागि गरिने बाँडफाँड लगानीकर्ता हितअनुकूल पारदर्शी विधि (methodology) अनुसार गरिनेछ। सामूहिक लगानी कोषलाई छुट्याइएको धितोपत्रको बाँडफाँडमा योजनामा प्राकृतिक व्यक्तिको सहभागितालाई प्राथमिकता दिइनेछ र प्रत्येक योजनाले मासिक विवरणमा प्राकृतिक व्यक्ति र कानूनी व्यक्तिको लगानी हिस्सा सम्बन्धी विवरण प्रकाशन गर्नुपर्नेछ।

**६.१२.५ गुनासो व्यवस्थापनः** योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक/ट्रष्टीले इकाईधनीका गुनासो/उजुरी समयमै सुनुवाइ र समाधान गर्ने संरचना तथा कार्यविधि (grievance handling mechanism) कायम गर्नुपर्नेछ र सोको अभिलेख राखी बोर्डलाई नियमित जानकारी गराउनुपर्नेछ।

## ६.१३ सुशासन तथा जोखिम व्यवस्थापन (Governance and Risk Management)

**६.१३.१ लगानी समिति (Investment Committee):** प्रत्येक योजना व्यवस्थापकमा नीतिगत व्यवस्था सहितको सक्षम लगानी समिति (Investment Committee) रहनेछ। लगानी निर्णयमा छलफल र सामूहिकतालाई प्रोत्साहन गरिनेछ। उक्त समितिले लगानी निर्णय, जोखिमका सीमा, पोर्टफोलियो निर्माण, मूल्याङ्कन र तरलता व्यवस्थापन लगायतका विषयमा निरीक्षण (oversight) गर्नेछ।

**६.१३.२ जोखिम व्यवस्थापन (Risk Management):** योजनाको जोखिम व्यवस्थापन समिति व्यवस्थापकबाट स्वतन्त्र भई लगानी जोखिमको मूल्याङ्कन तथा पृष्ठपोषण गर्नुपर्नेछ। योजना व्यवस्थापकले न्यूनतम रूपमा बजार जोखिम (Market Risk), कर्जा जोखिम (Credit Risk), तरलता जोखिम (Liquidity Risk), संचालन जोखिम (Operational Risk), केन्द्रीकरण जोखिम (Concentration Risk), दोस्रो पक्ष जोखिम (Counter-party Risk) र साइबर जोखिम (Cyber Risk) लगायतका जोखिमको व्यवस्थापन गर्नुपर्नेछ।

योजना व्यवस्थापकले प्रत्येक योजनामा आन्तरिक जोखिम ड्यासबोर्ड (Internal Risk Dashboard) बनाई प्रकाशन गर्नुपर्नेछ, जसमा मुख्यतः VaR, Liquidity Ratio, Concentration, Duration, Tracking र Stress Loss जस्ता सूचकाङ्क समावेश गर्नुपर्नेछ। प्रत्येक योजनामा निहित सम्भावित जोखिमको सीमा निर्धारण गर्दा बजार जोखिम, लगानी केन्द्रीकरण, तरलता, दोस्रो पक्ष र संचालन

जोखिमको सीमा निर्धारण गर्ने व्यवस्था गरिनेछ। लगानी निर्णयबाट जोखिम व्यवस्थापन कार्यलाई पर्याप्त रूपमा पृथक र महत्वपूर्ण कार्यको रूपमा राखिनेछ।

**६.१३.३ दबाव परीक्षण (Stress Testing):** योजना व्यवस्थापकले तोकिएको समय-अन्तरालमा न्यूनतम रूपमा Equity Price Decline, Interest-rate Shock, Credit Deterioration, Liquidity Shock र Redemption Pressure लगायतका परिदृश्य (scenario) मा दबाब परीक्षण (Stress Testing) गर्नुपर्नेछ।

**६.१३.४ स्वार्थको द्वन्द्व व्यवस्थापन ढाँचा (Conflict Management Framework):** योजना व्यवस्थापकले योजनाको निर्णय वा निर्णय प्रक्रियामा सहभागीहरूका लागि गर्न मिल्ने/नमिल्ने विषय समेटी आचारसंहिता बनाई लागू गर्नुपर्नेछ। प्रवर्द्धक र सम्बन्धित पक्षले जारी गरेका धितोपत्र खरिद, योजनाहरू बीच बजार मूल्य उपलब्ध नभएका धितोपत्र हस्तान्तरण, अन्तर योजना कारोबार, सम्बन्धित दलाल व्यवसायी मार्फत अधिक मात्रामा कारोबारलाई निषेध गरिनेछ। पदाधिकारी र कर्मचारीको लगानी स्वार्थ सम्बन्धी विवरण प्राप्त गरी नियमित परीक्षण गर्ने व्यवस्था गर्नुपर्नेछ।

## ६.१४ शुल्क तथा खर्च (Fees and Expenses)

**६.१४.१ शुल्कमा पारदर्शिता (Fee Transparency):** योजना व्यवस्थापकले संचालन गर्ने योजनामा लाग्ने शुल्कहरू विवरण पुस्तिकामा योजना व्यवस्थापन, सुपरिवेक्षक/ट्रष्टी, डिपोजिटरी/कस्टोडियन, कारोबार, कार्यसम्पादन र अन्य शुल्क शीर्षकमा छुट्टाछुट्टै खुलाउनुपर्नेछ। योजना व्यवस्थापकको शुल्कलाई क्रमशः मितव्ययी र योजनाको कार्यसम्पादन सापेक्ष बनाउँदै लगिनेछ। बोर्डको स्वीकृति नलिई योजनासँग प्रत्यक्ष असम्बन्धित खर्च, विवरणमा नखुलाइएका अन्य शुल्क योजनाबाट लिन पूर्ण रूपमा बन्देज लगाइनेछ। बोर्डले योजनाको प्रकृति र आकार अनुसार जम्मा खर्च अनुपात (Total Expense Ratio) को उच्चतम सीमा (ceiling) निर्धारण गर्नेछ र योजनाको आकार बढ्दै जाँदा Economies of Scale को लाभ इकाईधनीलाई हुने व्यवस्था विकास गरिनेछ।

**६.१४.२ कार्यसम्पादन शुल्क (Performance Fee):** योजनाको सबै प्रमुख शुल्क तथा खर्च विवरण पुस्तिका (Offer Document), थप जानकारी विवरण (Statement of Additional Information) र वेबसाइटमा स्पष्ट रूपमा सार्वजनिक गर्ने व्यवस्था गरिनेछ। विवरण पुस्तिकामा स्वीकृत भएका र योजनाको कार्यसम्पादनसँग प्रत्यक्ष सरोकार राख्ने बाहेक अन्य खर्च योजनामा लेखांकन गर्न पाइने छैन। कार्यसम्पादन शुल्क (Performance Fee) लागू गर्दा Benchmark, Hurdle Rate, High-water Mark र Crystallization Period स्पष्ट रूपमा तोक्नुपर्नेछ।

**६.१४.३ कारोवार शुल्क (Trading Fee):** योजनाले धितोपत्र कारोबार गर्दा लाग्ने शुल्क तथा कमिशनलाई प्रतिस्पर्धी बनाइनेछ।

## ६.१५ डिजिटल पूर्वाधार तथा प्रविधि (Digital Infrastructure and Technology)

**६.१५.१ डिजिटल वितरण (Digital Distribution):** बोर्डले सामूहिक लगानी कोषको अनुमति, संचालन र कारोबारमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नेछ। खुलामुखी योजनाको नयाँ दर्ता तथा थप इकाई स्वीकृतिमा विश्वसनीय अनलाइन वितरण तथा कारोबार प्रणालीलाई पूर्वशर्तको रूपमा लिइनेछ। अनलाइन खाता खोल्ने (Online Account Opening), विद्युतीय ग्राहक परिचय विवरण (Digital KYC), विद्युतीय भुक्तानी (e-Payment), अनलाइन आवेदन (Online Subscription), अनलाइन

पुनःखरिद (Online Redemption) र विद्युतीय राफसाफ (Digital Settlement) लाई प्रोत्साहन गर्ने तथा विकास गर्ने व्यवस्था गरिनेछ।

दीर्घकालमा सामूहिक लगानी कोषका लागि केन्द्रीकृत विद्युतीय लगानीकर्ता सूचना प्रणाली (Centralized Digital Investor Information Architecture) को विकास गरिनेछ, जसबाट नक्कली खाता (Duplicate Accounts), सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी जोखिम (AML/CFT Risk), लगानीकर्ता पहिचान (Investor Identification) र एकीकृत स्वामित्व (Consolidated Holding) सम्बन्धी निगरानी तथा सुधारमा सहयोग पुग्नेछ।

६.१५.२ **साइबर सुरक्षाः** साइबर सुरक्षा सम्बन्धी जोखिम न्यूनीकरण गर्न योजना व्यवस्थापक तथा वितरकले Access Control, Encryption, Audit Trail, Backup, Incident Response र Disaster Recovery लगायतका व्यवस्था अनिवार्य रूपमा गर्नुपर्नेछ। योजना व्यवस्थापकले Online Investor Portal, Digital KYC, Transaction Processing, Portfolio Management र Regulatory Reporting का लागि सुरक्षित सूचना प्रविधि पूर्वाधार तयार गरी लागू गर्नुपर्नेछ।

### ६.१६ बजार विकास (Market Development)

६.१६.१ **संस्थागत लगानी (Institutional Investment):** सामूहिक लगानी कोषलाई बजार विकास र स्थायित्वको प्रमुख आधारस्तम्भको रूपमा विकसित गरिनेछ। धितोपत्रको प्राथमिक निष्काशन, बुक बिल्डिङ, संस्थागत ऋणपत्र, साना तथा मझौला उद्यमका धितोपत्र निष्काशन र पूर्वाधार कम्पनीका धितोपत्र निष्काशनमा संस्थागत लगानीकर्ताको रूपमा प्रभावकारी भूमिकाका लागि प्रोत्साहन गरिनेछ।

६.१६.२ **पूँजी बजार तरलता (Capital Market Liquidity):** सामूहिक लगानी कोषलाई दोस्रो बजार तरलता वृद्धि र संस्थागत मूल्य अन्वेषण (Institutional Price Discovery) मा योगदान गर्ने प्रमुख माध्यमका रूपमा विकास गरिनेछ।

६.१६.३ **वित्तीय समावेशिता (Financial Inclusion):** सानो रकमबाट नियमित लगानी गर्न सकिने Systematic Investment Plan (SIP), Digital Investment, Recurring Investment, Dividend Re-investment र Systematic Withdrawal Plan जस्ता माध्यमहरूको विकास तथा व्यवस्थित प्रवर्द्धन गरी साना बचतकर्तालाई पूँजी बजारमार्फत उत्पादनमुखी अर्थतन्त्रमा जोडिनेछ। संस्थागत सहभागिता विस्तारका लागि योग्य संस्थागत लगानीकर्ता (QII), पेन्सन कोष, बीमा कोष तथा अन्य संस्थागत लगानीकर्तासँग सामूहिक लगानी कोषलाई जोड्ने नीति विकास गरिनेछ।

### ६.१७ विशिष्टीकृत तथा नवीन कोष (Specialized and Innovative Funds)

६.१७.१ **पूर्वाधार कोष (Infrastructure Fund):** नेपालको पूर्वाधार विकासका लागि ऊर्जा, यातायात, पर्यटन, स्वास्थ्य, कृषि र डिजिटल पूर्वाधार क्षेत्रमा केन्द्रित रही लगानी गर्ने विशिष्टीकृत योजनाको विकासलाई प्रोत्साहन गरिनेछ।

६.१७.२ **हरित तथा दिगो कोष (Green/Sustainable Fund):** सामूहिक लगानी कोषमा हरित ऋणपत्र (Green Bonds), नवीकरणीय ऊर्जा (Renewable Energy) तथा अन्य दिगो परियोजनामा लगानी गर्ने योजनाहरूको विकास गरिनेछ। यस्ता योजनाका लागि Eligible Project Taxonomy, Impact Disclosure, Use-of-Proceeds Monitoring र ESG Disclosure सम्बन्धी व्यवस्था गरिनेछ।

**६.१७.३ ऋणपत्र कोष (Debt Mutual Fund):** नेपालको संस्थागत ऋणपत्र बजार (Corporate Bond Market) को विकासका लागि Debt Mutual Fund लाई महत्वपूर्ण संस्थागत लगानीकर्ताको रूपमा विकास गरिनेछ। यसका लागि न्यूनतम रूपमा क्रेडिट गुणस्तर (Credit Quality), अवधि (Maturity), निष्कासनकर्ताको केन्द्रीकरण (Issuer Concentration), तरलता (Liquidity) र Default Management लगायतका विषय मध्यनजर गर्दै छुट्टै विवेकपूर्ण मापदण्ड (Prudential Standards) बनाइनेछ।

**६.१७.४ साना तथा मझौला उद्यम कोष (SME Fund):** योग्य साना तथा मझौला उद्यममा लगानी गर्ने विशिष्टीकृत योजनाको विकासलाई प्रोत्साहन गरिनेछ।

**६.१७.५ नवाचार Sandbox (Mutual Fund Innovation Sandbox):** नवीन वित्तीय उत्पादन तथा प्रविधिमा आधारित कोष वितरणको परीक्षणका लागि बोर्डले नियामकीय सान्डबक्स संरचना (Regulatory Sandbox Framework) विकास गर्न सक्नेछ।

## ६.१८ बोर्डको सुपरिवेक्षकीय संरचना (Supervisory Architecture)

**६.१८.१ जोखिममा आधारित सुपरिवेक्षण (Risk-Based Supervision):** योजना व्यवस्थापक, डिपोजिटरी र ट्रष्टीको विद्यमान सुपरिवेक्षण कार्यलाई थप परिणाममुखी र व्यवस्थित गर्न क्रमशः जोखिममा आधारित सुपरिवेक्षण (Risk Based Supervision) प्रणाली लागू गरिनेछ। जोखिममा आधारित सुपरिवेक्षणका लागि योजनाको आकार, Assets Under Management (AUM), व्यवस्थापकको आकार (Size), जटिलता (Complexity), तरलता (Liquidity), लचकता (Leverage), लगानीको केन्द्रीकरण (Investment Concentration), लगानीकर्ताको आधार (Investor Base), विगतको परिपालनाको अवस्था (Compliance History) र योजनाको विविधता (Schemes Diversification) लाई प्रमुख मानकको रूपमा लिइनेछ।

**६.१८.२ नियमनकारी रिपोर्टिङ (Regulatory Reporting):** योजना व्यवस्थापकले लगानीकर्तालाई लगानी निर्णयका लागि आवश्यक र लगानीपश्चात आवश्यक योजना सम्बन्धित सूचना उपयुक्त समयमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ र दैनिक, मासिक, त्रैमासिक तथा वार्षिक नियमनकारी सूचना/विवरण पूर्ण र विश्लेषणात्मक रूपमा बोर्डसमक्ष प्रवाह गर्नुपर्नेछ।

**६.१८.३ प्रविधिमा आधारित सुपरिवेक्षण (Technology-enabled Supervision):** बोर्डले क्रमशः Automated Data Collection, Portfolio Analytics, NAV Monitoring, Liquidity Monitoring र Regulatory Breach Alerts का आधारमा सुपरिवेक्षण गर्ने Supervisory System विकास गर्नेछ।

## ६.१९ सुपरिवेक्षकीय कारवाही (Supervisory Enforcement):

योजना व्यवस्थापक तथा योजनाबाट नियम र निर्देशनको उल्लङ्घन भएमा उल्लङ्घनको गम्भीरताअनुसार क्रमशः चेतावनी दिने, सुधारात्मक कदम चाल्न निर्देशन दिने, विस्तृत प्रतिवेदन माग गर्ने, अवधि तोकी थप/नयाँ लगानी निषेध गर्ने, थप इकाई/नयाँ योजना दर्ता स्थगन गर्ने, वित्तीय जरिवाना लगाउने र निलम्बन (Suspension) गर्ने योजना व्यवस्थापनको जिम्मेवारी अन्य व्यवस्थापकलाई दिने, योजना व्यवस्थापकको अनुमति खारेज गर्ने लगायतका कार्वाही मार्फत योजना व्यवस्थापनमा सुशासन कायम गरिनेछ।

## ६.२० संक्रमणकालीन व्यवस्था (Transitional Provisions)

हाल संचालनमा रहेका सामूहिक लगानी योजनाहरूलाई सुशासन (Governance), डिस्क्लोजर (Disclosure), मूल्याङ्कन (Valuation), जोखिम व्यवस्थापन (Risk Management) र तरलता (Liquidity) सम्बन्धी नयाँ संरचना (framework) अनुसार क्रमशः पङ्क्तिबद्ध (align) गर्न उचित समय-सीमाको व्यवस्था गरिनेछ।

## ६.२१ नीति कार्यान्वयन, पुनरावलोकन तथा अपेक्षित परिणाम

### ६.२१.१ चरणबद्ध कार्यान्वयन (Phased Implementation Roadmap)

*चरण—१ (०—१२ महिना): तत्कालीन सुधार*

(क) खुलामुखी योजनाको संरचना निर्माण (Open-ended Fund Framework),
(ख) खुद सम्पत्ति मूल्य गणना विधिलाई स्पष्ट र परिष्कृत गर्ने (Improved NAV Standards).
(ग) डिस्क्लोजरलाई विस्तृत तथा सरलीकृत गर्ने,
(घ) सीमापार लगानी संरचना (Cross-border Investment Framework),
(ङ) लगानीकर्ता संरक्षणका व्यवस्थालाई सुदृढ गर्ने,
(च) जोखिम व्यवस्थापनमा सुधार गर्ने,
(छ) विद्युतीय वितरण र कारोबार प्रणाली अवलम्बन गर्ने (Digital Distribution)।

*चरण—२ (१२—२४ महिना): बजार विस्तार*

(क) ऋणपत्र बजार विस्तार र ऋणपत्रमा योजनाको सहभागिता बृद्धि (Debt Fund),
(ख) मुद्रा बजार लगानी हिस्सा विस्तार (Money Market Fund),
(ग) इन्डेक्स फण्डको विकास (Index Fund),
(घ) SIP तथा डिजिटल वितरणको विस्तार,
(ङ) ETF विकासको प्रारम्भिक तयारी।

*चरण—३ (२४—३६ महिना): विशिष्टीकृत उत्पादन*

(क) Exchange Traded Fund (ETF) को विकास,
(ख) पूर्वाधार योजना (Infrastructure Fund) को विकास,
(ग) हरित/दिगो कोष (Green Fund) को विकास,
(घ) साना तथा मझौला उद्यम कोष (SME Fund) को विकास।

*चरण—४ (३६ महिनापछि): उन्नत उत्पादन तथा प्रणाली*

(क) उन्नत लगानी उत्पादन (Advanced Products) को विकास,
(ख) उन्नत पोर्टफोलियो व्यवस्थापन,
(ग) नियामकीय प्रविधि (Regulatory Technology) को विस्तार।

**६.२१.२ प्रमुख नियामकीय दस्तावेजः** यस नीतिको कार्यान्वयनका लागि बोर्डले क्रमशः देहायका नियामकीय दस्तावेज तर्जुमा गर्नेछः

(क) Mutual Fund Regulations
(ख) Mutual Fund Guidelines
(ग) Mutual Fund Licensing Directive

(घ) Scheme Approval Guidelines
(ङ) NAV & Valuation Guidelines
(च) Liquidity Risk Management Guidelines
(छ) ETF Guidelines
(ज) Debt Mutual Fund Guidelines
(झ) ESG/Green Fund Guidelines
(ञ) Digital Mutual Fund Guidelines
(ट) Advertisement & Marketing Guidelines
(ठ) Fund Governance Guidelines
(ड) Risk Management Guidelines
(ढ) Disclosure & Reporting Standards
(ण) Supervisory SOP
(त) Inspection Manual
(थ) Enforcement Manual

६.२१.३ **नीतिको पुनरावलोकनः** बोर्डले यो नीति कार्यान्वयनको प्रभावकारिता, बजारको विकास, लगानीकर्ताको संरक्षण, अन्तर्राष्ट्रिय अभ्यास तथा वित्तीय प्रणालीको अवस्थाका आधारमा कम्तीमा हरेक दुई वर्षमा यस नीतिको पुनरावलोकन गर्नेछ।

***